## नेकपा एमालेको नेतृत्वमा रहेको गण्डकी प्रदेश सरकारका ३९ महिनामा

नेकपा एमाले नेतृत्वको गण्डकी प्रदेश सरकार जनताका भावना, आकांक्षा र विश्वासको कदर गर्दै प्रथम पञ्चवर्षीय योजना (२०७६-२०८०) तथा दिगो विकास लक्ष्य २०८७ का प्रादेशिक लक्ष्यहरु हासिल गर्दै विक्रम संवत २१०० सम्ममा "**समृद्ध प्रदेश र सुखी नागरिक**" निर्माण गर्ने प्रादेशिक दीर्घकालीन आकांक्षा पूरा गर्ने अभियानमा कटिबद्ध रहँदै आएको थियो। सीमित स्रोत साधन हुँदा हुँदै पनि प्रतिपक्षी दलहरु समेतको अधिकतम् समन्वयमा बजेट तथा स्रोत साधनको कुशलतापूर्वक परिचालन गरी  सरकार गठन भएको ३९ महिनाको  छोटो अवधिमा नै समृद्ध प्रदेश निर्माणको बलियो आधारशिला निर्माणमा  सफलता प्राप्त  गरेको नागरिक तहमा पनि अनुभूति भएको छ।

"**समृद्ध प्रदेश र सुखी नागरिक**" को लक्ष्य हाँसिल गर्न तय गरिएका अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन लक्ष्य, दिगो विकास लक्ष्य, अन्तर्राष्ट्रिय प्रतिबद्धता, प्रदेशका नागरिकको विकास चाहना, जन निर्वाचित प्रतिनिधिमार्फत मुखरित जनभावना, र विज्ञ तथा सरोकारवालाहरुले दिएका सुझावलाई समेत आत्मसात गरी उपलब्ध स्रोत साधनको अधिकतम र दक्षतापूर्वक उपयोग गर्दै नेकपा एमालेको नेतृत्वमा रहेमको प्रदेश सरकारले प्राप्त गरेका मुख्यमुख्य उपलब्धिहरु निम्न अनुसार छन्:

- प्रदेशका समग्र आर्थिक सूचकहरु सकारात्मक दिशामा छन्। आर्थिक वर्ष २०७५/०७६ मा प्रदेशको कूल ग्रार्हस्थ्य उत्पादन रु ३ खर्ब 40 अर्ब रहेकोमा आर्थिक वर्ष २०७६/०७७ मा कोभिड-१९ ले अर्थतन्त्रमा पार्ने जोखिम प्रभावकारी रुपमा व्यवस्थापन गरिएकोले कुल ग्रार्हस्थ्य उत्पादन रु ३ खर्ब ४४ अर्ब पुग्यो। आर्थिक वर्ष २०७७/०७८ को पहिलो नौ महिनालाई आधार मान्दा यस वर्षको कुल ग्राहस्थ उत्पादन रु ३ खर्ब ७२ अर्ब पुग्ने अनुमान छ। कोभिड- १९ को प्रभाव यथोचित मात्रामा व्यवस्थापन गर्न सकेमा चालु आर्थिक वर्षको आर्थिक बृद्धिदर ३.६ प्रतिशत हुने प्रारम्भिक अनुमान छ।
- मूल्यवृद्धि बाञ्छित सीमाभित्रै रहेको छ। चालु आर्थिक वर्षको पहिलो नौ महिनामा खाद्यवस्तुमा ३.४९ प्रतिशतले र अखाद्य वस्तुमा २.७९ प्रतिशतले गरी  सरदर ३.४६ प्रतिशतले मात्र मूल्यवृद्धि भएको छ।
- प्रदेशले आर्थिक वर्ष २०७५/०७६ मा नेपाल सरकारबाट समानीकरण, समपुरक, विशेष र ससर्त अनुदान, रोयल्टी तथा राजस्व बाँडफाँडबाट प्राप्त रकम र प्रदेशले उठाएको राजस्व गरी जम्मा रु  २१ अर्ब, ४७ करोड, ७० लाख, ९३ हजार, आर्थिक वर्ष २०७६/०७७ मा जम्मा रु २२ अर्ब, ४८ करोड, ३५ लाख, १० हजार र आर्थिक वर्ष २०७७/०७८ को चैत्र महिनासम्ममा रु १५ अर्ब, ५९ करोड, ९७ लाख, ४६ हजार स्रोत परिचालन गरेको छ।
- प्रदेश सरकार स्थापना भएपछि गण्डकी प्रदेशमा निजी क्षेत्रको लगानी उत्साहबर्द्धक छ। आर्थिक वर्ष २०७४/०७५ मा विभिन्न वित्तिय संस्थाले उद्योग, व्यापार र सेवा क्षेत्रमा गरेको लगानी रु १ खर्ब ७६ अर्ब रहेकोमा आर्थिक वर्ष २०७५/०७६ मा १६.८६ प्रतिशतले बढेर रु २ खर्ब ६ अर्ब पुगेको थियो । आर्थिक वर्ष २०७६/०७७ मा १९.८७ प्रतिशतले वृद्धि भएर रु २ खर्ब ४७ अर्ब पुग्यो भने आर्थिक

वर्ष २०७७।०७८ को चैत्र मसान्त सम्ममा वित्तिय संस्थाको लगानी २५ प्रतिशतले बढेर रु ३ खर्ब ९ अर्ब पुगेको छ।

- वित्तिय संस्थाको निक्षेप सङ्कलन आर्थिक वर्ष २०७४/०७५ मा रु १ खर्ब ८८ अर्ब रहेकोमा आर्थिक वर्ष २०७५/०७६ मा १६.६० प्रतिशतले बढेर रु २ खर्ब २० अर्ब रहेकोमा आर्थिक वर्ष २०७६/०७७ मा ३९.७२ प्रतिशतले बढेर रु ३ खर्ब ८ अर्ब पुग्यो। आर्थिक वर्ष २०७७/०७८ को चैत्र मसान्त सम्ममा वित्तिय संस्थामा निक्षेप संकलन १२ प्रतिशतले बढेर रु ३ खर्ब ४४ अर्ब पुगेको छ।
- प्रदेश सरकारद्धारा सञ्चालित कार्यक्रमबाट वार्षिक प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल ५४,००० व्यक्तिलाई वार्षिक १०० दिन बराबरको रोजगारी सिर्जना भएको छ।
- हालसम्म ७,७९५ व्यक्तिलाई सिप विकास तालिम प्रदान गरिएको छ।

**शासकिय सुधार**

- प्रदेशको नामाकरण र राजधानी निर्धारण सहमतिमै गरी उदाहरणीय राजनीतिक सन्देश दिइएको छ।
- प्रदेश नीति तथा योजना आयोगको गठन गरी योजना तर्जुमा क्षेत्रमा उल्लेख्य कामहरु भएका छन्। योजनाबद्ध विकासबाट समृद्धि हासिल गर्ने प्रदेशको दीर्घकालीन सोच "**समृद्ध प्रदेश र सुखी नागरिक**" सहितको प्रथम पञ्चवर्षीय योजना (आ.व. २०७६/७७- २०८०/८१) कार्यान्वयनमा ल्याइएको छ।
- संवैधानिक व्यवस्था र सङ्घीयताको मर्म बमोजिम एघारवटा मन्त्रालय र निर्देशनालय, केन्द्र तथा प्रतिष्ठान, जिल्लास्थित कार्यालय समेत १५९ वटा कार्यालयहरु तथा करिब २,९०० कर्मचारीको दरबन्दी व्यवस्था गरी प्रदेश सरकारका सेवा प्रभावकारी रुपमा प्रवाह गर्ने व्यवस्था गरिएको छ।
- प्रदेशको विशिष्टीकृत सेवा प्रवाहको लागि प्रदेश नीति तथा योजना आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश लोकसेवा आयोग, गण्डकी विश्वविद्यालय, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, प्रदेश खेलकुद परिषद, ताल संरक्षण तथा विकास प्राधिकरण, गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक प्रतिष्ठान, गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान र प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापना गरी सञ्चालन गरिएको छ।
- संघीय सरकार, प्रदेश सरकार र निजी क्षेत्रले कार्यान्वयन गर्ने गरी २३ वटा प्रदेश गौरवका आयोजनाहरु पहिचान गरी प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइएको छ।
- मित्रराष्ट्र भारतका महामहिम प्रधानमन्त्री नरेन्द्र दामोदर दास मोदीको मुक्तिनाथ भ्रमण, बंगलादेशका महामहिम राष्ट्रपति मोहम्मद अब्दुल हमिदको पोखरा भ्रमणबाट अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन विकासमा टेवा पुगेको छ।
- मित्रराष्ट्र चीनको हेनान प्रान्तसँग गण्डकी प्रदेशको मितेरी सम्बन्ध स्थापना गरिएको छ ।प्रदेशका २० विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको लागि उक्त प्रान्तले छात्रवृति प्रदान गरेको छ। अमेरिकाको वासिङटन प्रान्तका गर्भनर संग मुख्यमन्त्रीको भेट वार्ता सम्पन्न भएको छ। मित्रराष्ट्र जनवादी

गणतन्त्र चीनको तिब्बत र युनान प्रान्तका महामहिम गभर्नरको पोखरा भ्रमण तथा प्रदेशको उच्चस्तरिय टिमले चीनको हेनान र अमेरिकाको क्यालिफोर्निया तथा वासिङ्टन प्रान्तको भ्रमण गरेको छ।

- बेरोजगार युवाहरुलाई स्थानीय तहमा परिचालन गरी विकास निर्माण प्रक्रियामा सहभागी गराउने उद्देश्यले स्थानीय तहमा कृषि, स्वास्थ्य, शिक्षा, पशु, सर्भेयर तथा इन्जिनियरिङ क्षेत्रका १४८ जना स्वयंसेवकहरुको परिचालन गरिएको छ।
- सहायकस्तरका ११६ जना कर्मचारीलाई सेवाकालीन तालिम, २६३ जनालाई क्षमता विकास तालिम र ३८६ जनालाई कार्यादेश तयारी, प्रस्ताव लेखन, वित्तीय सुशासन, सार्वजनिक खरिद, आतिथ्यता व्यवस्थापन तथा सेवा प्रवाहमा कोभिड सुरक्षा सम्बन्धी विषयमा तालिम सञ्चालन गरिएको छ।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको विशेष कक्ष (एक्सन रुम) लाई स्तरन्नोति गरी विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन गरिएको छ।नेपाल सरकार, स्थानीय तह तथा सरोकारवालासँगको सम्पर्क र समन्वयलाई प्रभावकारी बनाइएको छ। हेलो मुख्यमन्त्री कक्षमा प्राप्त गुनासा नियमित रुपमा सम्बोधन गर्ने गरिएको छ।
- महालेखा परीक्षकको विभागबाट औंल्याइएको बेरुजुमध्ये हालसम्म ५५ प्रतिशत बेरुजु फर्छ्यौट भएको छ र बाँकी फर्छ्यौटको चरणमा छ।

**व्यावसाय जिवन रक्षा कर्जा**

- कोभिड–१९ ले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरुलाई निर्ब्याजी कर्जा उपलब्ध गराउन साना व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ।हालसम्म करिब ७,४०० निवेदकबाट करिब रु ८ अर्बको ऋण माग भएकोमा २०७८ वैशाखसम्म रु ५अर्बको कर्जा प्रबाह गर्न राष्ट्र बैङ्कले वाणिज्य बैङ्कलाई स्वीकृति दिएको छ।

**सडक**

- प्रदेशभित्र १९५ कि.मि. सडक कालोपत्रे तथा ढलान र ३६४ कि.मि. सडक ग्राभेल गरिएको छ। ३६ सडक पुलहरुको निर्माण सम्पन्न गरिएको छ। स्थानीय तहको केन्द्र जोड्ने सडक र एक निर्वाचन क्षेत्र एक सडक विकास कार्यक्रम अन्तर्गत गरी कुल ६३२ कि.मि. सडक कालोपत्रे गर्ने र ८३ वटा सडक पुलको निर्माण कार्य भइरहेको छ।
- नेपाल सरकारको समन्वयमा पृथ्वी राजमार्गको शहरी क्षेत्रमा ६ लेनको र अन्य क्षेत्रमा ४ लेनमा स्तरबृद्धि गर्ने कार्य प्रारम्भ भएको छ।
- नेपाल सरकारको समन्वयमा सिद्धार्थ राजमार्गलाइ डिडिकेटेड दुइ लेनमा स्तरबृद्धि गर्ने कार्य आगामि बर्ष देखि संञ्चालन गर्न नेपाल सरकारले बजेट बिनियोजन गरेको छ।
- भिमाद आरुणखोला त्रिबेणी सडकको निर्माण भिमाद देखि पश्चिम प्रदेश सरकारले र आरुणखोला देखि पूर्ब नेपाल सरकारले निर्माण कार्य प्रारम्भ भएको छ।

- कोरला-त्रिबेणी कालिगण्डकी करिडोर, मध्यपहाडी लोकमार्ग, डुम्रे-चामे सडक आगामि दुइ बर्ष भित्र सम्पन्न गर्न नेपाल सरकार संग समन्वय गरिएको छ।
- प्रदेशमा हालसम्म १८ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन् भने ४४ झोलुङ्गे पुल निर्माणाधीन अवस्थामा रहेका छन्।

**खानेपानी**

- प्रदेशका सबै नागरिकलाई आधारभूत खानेपानी सेवा विस्तार गर्ने कार्यक्रम अन्तर्गत १०२ आयोजनाहरु सम्पन्न भई ५,४९८ घर परिवारका २९,५०६ जनसंख्या लाभान्वित भएका छन्। त्यसै गरी "**एक घर एक धारा**" कार्यक्रम अन्तर्गत २०५ वटा आयोजना सम्पन्न भई ६१,०६३ निजी धारा जडान गरिएको र यसबाट ३ लाख ३० हजार ७ सय जनता लाभान्वित भएका छन्। हाल ८९६ खानेपानी आयोजना निर्माणाधीन अवस्थामा रहेका छन्।

**सिचाइ**

- नयाँ सिँचाइ आयोजनाहरुबाट ४३,४८५ रोपनी जमिनमा बाह्रै महिना सिंचाई सुविधा पुगेको छ।पुराना तथा जीर्ण सिँचाइ आयोजनाको स्तरोन्नति र नवीकरणबाट २,०३,६७२ रोपनी जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुगेको छ। हाल निर्माणाधीन ३४७ सिँचाइ आयोजनाहरुबाट २,९७,८७२ रोपनी जमिनमा सिँचाइ सुविधा पुर्याइने छ ।

**बिद्युत**

- **गण्डकी प्रदेश उज्यालो प्रदेश** कार्यक्रम प्रारम्भ गर्दा विद्युत सेवा पुगेका घर परिवार ८२ प्रतिशतवाट बढेर ९८.९ प्रतिशत पुगेको छ । सोमध्ये ९२.७९ प्रतिशत घरधुरीमा राष्ट्रिय प्रसारण लाइनमार्फत र अन्यमा सौर्य उर्जा र लघु जलविद्युत आयोजनाबाट विद्युत सेवाको पहुँच पुर्याइएको छ ।
- काठेपोल बिस्थापन कार्यक्रम अन्तरगत करिब ३५००० काठेपोल स्टिलपोलले प्रतिस्थापन गरिएको छ।

**नदी नियन्त्रण तथा जग्गा उकास**

- नदी नियन्त्रण कार्य अन्तर्गत ५६.५ कि.मि तटबन्ध निर्माण गरिएको छ।सो कार्यबाट ३०,५३६ रोपनी जमिन उकास भएको छ। हाल ६५ वटा नदी नियन्त्रणका योजनाहरु कार्यान्वयनको चरणमा रहेका छन्।

**जनता आबास**

- विपन्न तथा लोपोन्मुख समुदायको लागि सञ्चालित जनता आवास कार्यक्रम अन्तर्गत १,३२० भन्दा बढी घर निर्माण सम्पन्न भएका छन् भने २२५ घर निर्माणाधीन छन्।

**यातायात**

- सवारी तथा यातायात सेवा प्रवाह सहज बनाउन ७ जिल्लामा कार्यालय स्थापना गरी सेवा प्रवाह भइरहेको छ। यस आर्थिक वर्षमा ९,६२४ नयाँ लाइसेन्स वितरण तथा 30,658 लाइसेन्स नवीकरण गरिएको छ।

**निर्वाचन क्षेत्र पूर्वाधार विकास**

- **निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम** अन्तर्गत गत आ.व.मा ७९२ आयोजना सम्पन्न भएका छन् र चालु आ.व.मा ८४२ योजना कार्यान्वयन भइरहेका छन्।

**कृषि तथा पशुपंक्षी**

- कृषि तथा पशुपन्छी विकास सम्बन्धी सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रदेशका सबै जिल्लाहरुमा कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्थापना गरिएको छ।
- कृषि उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धि गर्न सघाउने उद्देश्यले ८५ स्थानीय तहका ८७ गाउँमा **"मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रम"** कार्यान्वयनबाट ८,५०० कृषक घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन्।
- प्रदेशका प्राथमिकता प्राप्त बाली/वस्तुहरू उत्पादनको लागि गत आ.व. सम्म 1,489 मोडल फार्म सञ्चालन गरिएका छन्। यस आर्थिक वर्षमा थप 450 मोडल फार्म स्थापना तथा विस्तार गर्न सहयोग गरिएको छ।
- युवावर्गको कृषि सम्बन्धी प्राविधिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी कृषि पेशामा आकर्षित गर्दै स्वरोजगारी तथा उद्यमशीलताको विकास गर्ने उद्देश्यका लागि व्यवसाय इन्कुवेशन कार्यक्रम मार्फत **"लर्न एण्ड डु"** तालिम कार्यक्रम सञ्चालन गरी इजरायली आधुनिक कृषि प्रविधि नेपालमा भित्र्याउनको लागि प्रदेशका युवालाई तालिमको लागि इजरायल पठाउने प्रक्रिया प्रारम्भ भएको छ।
- स्याउ उत्पादनमा आत्मनिर्भर हुने उद्देश्यले २७५ रोपनीमा उच्च घनत्व प्रविधिमा आधारित ४१,१३० बिरुवा रोपी स्याउ बगैँचा विस्तार गरिएको छ।साथै, थप १७५ रोपनीमा स्याउ बगैँचा विस्तार गर्ने कार्य अगाडि बढेको छ।
- विभिन्न बालीवस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै प्रदेशलाई मुख्य मुख्य कृषि उत्पादनमा आत्मनिर्भर बनाउन धान, मकै, आलु, अदुवा, सुन्तला, माछा जस्ता बालीवस्तुको १९१ वटा पकेट तथा ३४ वटा नयाँ ब्लक स्थापना गरिएको छ।

- हालसम्म 1,929 रोपनी खेतीयोग्य भूमिको चक्लाबन्दी गरिएको छ भने थप चालु आ.व. मा ३,००० रोपनी खेतीयोग्य भूमिको चक्लाबन्दी भइरहेको छ।
- कृषि उपजको (तरकारी, फलफूल, माछा, मासु र मह) उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण गर्दै बजार प्रवर्द्धन गर्न १,४९५ मेट्रिक टन क्षमताका २ कोल्ड स्टोर ४५ कोल्ड रुम निर्माण गरिएको छ। थप ५०० मे.टन भण्डारण क्षमताका ५ वटा कोल्ड स्टोर र ४३० मेट्रिक टन क्षमताका २० वटा कोल्ड रुम निर्माण कार्य भइरहेको छ।
- दूधको गुणस्तर कायम गर्दै बजार सुनिश्चित गर्नका लागि ३१ वटा दुग्ध चिस्यान केन्द्र स्थापनामा सहयोग गरिएको छ र थप १० वटा दुग्ध चिस्यान केन्द्र निर्माणको क्रममा रहेका छन्।
- खोरेत, भ्यागुते र चरचरे, पि.पि.आर. स्वाइन फिभर तथा रेबिज विरुद्ध बृहत् खोप कार्यक्रम सञ्चालन गरिएको छ।
- व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन गर्न १,४३९ वटा व्यावसायिक कृषि तथा पशुपन्छी फार्म स्थापना तथा विस्तारमा सहयोग गरिएको छ। यसवाट मह, तरकारी, फलफुल, नगदेवालि, माछा, मासु आदिको उत्पादनमा उल्लेख्य बृद्धि भएको छ।

**स्वास्थ्य**

- प्रदेशका मातहतका अस्पतालहरुमा कुल ३२५ शय्या रहेकामा यसलाई बिस्तार गरी ७६० शय्या बनाउने कार्य भएको छ । सघन उपचार कक्षमा २४ थान भेन्टिलेटर जडान गरिएको छ।
- धौलागिरी उपप्रादेशिक अस्पताल बागलुङ, लमजुङ, गोरखा, मध्यविन्दु, र संक्रामक तथा सरुवा रोग अस्पताल, पोखरामा २५ शय्याका दरले कूल १२५ शय्यालाई स्तरोन्नति गरिएको छ। धौलागिरी उपप्रादेशिक अस्पताल बागलुङ, बेनी अस्पताल म्याग्दी, स्याङ्जा जिल्ला अस्पताल, दमौली अस्पताल तनहुँ र पर्वत अस्पतालमा डायलाइसिस सेवा सञ्चालनमा ल्याइएको छ।
- प्रदेशका जिल्ला स्थित अस्पतालहरुमा संक्रामक रोग व्यवस्थापनका लागि क्षमता विकास गर्दै कोभिड– १९ र अन्य संक्रामक रोगको उपचार गर्ने व्यवस्था गरिएको छ।
- सरकारी, सामुदायिक तथा निजी क्षेत्रहरुमा १,४१३ शय्या सहितका ४० आइसोलेसन केन्द्रहरु स्थापना गरी संक्रमितको व्यवस्थापन गरिँदै आएको छ।
- कोभिड-१९ को पिसिआर परीक्षणको लागि पोखरा, बागलुङ उप प्रादेशिक अस्पताल र मध्यबिन्दु अस्पतालमा समेत गरी दैनिक २,३०० ब्यक्तिको पिसिआर परिक्षण गर्ने ब्यबस्था मिलाईएको छ।अटो एक्ट्र्याक्सन मेसिन जडान गरी पिसिआर परीक्षणको क्षमता समेत विस्तार गरिएको छ।अक्सिजनको अभाव हुन नदिन आठ जिल्ला अस्पतालमा अक्सिजन उत्पादन सुरु भएको छ र लमजुङ्ग र मध्यविन्दू अस्पतालमा अक्सिजन प्लान्ट जडान भैसकेको र दुई अस्पतालमा प्लान्ट जडानको तयारीमा छ। प्रदेशमा दैनिक १५०० सिलिण्डर अक्सिजन उत्पादन गर्ने क्षमता रहेको छ ।
- धौलागिरी उपप्रादेशिक अस्पताल बागलुङलाई २०० शय्या को अस्पतालमा र ३ जिल्ला अस्पतालहरुलाई ५० शय्याको स्तरवृद्धि गर्ने कार्य प्रारम्भ भएको छ।कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारका लागि प्रदेश सरकारले कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचार कोषको स्थापना गरी खर्चको व्यवस्थापन गर्दै आएको छ।

- लेखनाथ सामुदायिक लायन्स अस्पताल शिशुवालाई प्रदेश संक्रामक तथा सरुवारोग अस्पतालमा रुपान्तरण तथा सुदृढीकरण गरी कोभिड १९ को विशिष्टीकृत अस्पतालको रुपमा सञ्चालनमा ल्याइएको छ ।
- प्रदेशमा हालसम्म कोभिड १९ विरुद्धको खोप १,२७,७४१ व्यक्तिले लगाएका छन्।
- ग्रामीण र दुर्गम स्थानका जोखिममा परेका ३९ जना गर्भवती/सुत्केरी हरूलाई सुविधा सम्पन्न अस्पतालमा आपतकालीन एयर लिफ्टिङ गरी उपचार गरिएको छ।

**खेलकुद**

- पोखरा महानगरपालिका वडा नं. ३३ पशुपतिघाटमा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान निर्माण गर्ने कार्य अगाडि बढेको छ।एक स्थानीय तह एक खेल मैदानको नीति अनुरूप ५६ गाउँपालिकामा खेलमैदान र २० नगरपालिकामा रङ्गशाला निर्माणमा सहयोग गरिएको छ।

**शिक्षा**

- गुणस्तरीय अनुसन्धात्मक र व्यावसायिक उच्च शिक्षा प्रदान गर्न गण्डकी विश्वविद्यालय सञ्चालनमा ल्याइएको छ। विश्वविद्यालयले पहिलो चरणमा सूचना प्रविधि र चिकित्सा विज्ञान संकायमा पढाइ सञ्चालन गर्ने तयारी गरेको छ । पोखरा महानगरपालिका वडा नं ३२, ज्ञानकुञ्जमा विश्व विद्यालयको शैक्षिक तथा प्रशासनिक भवनहरुको निर्माण कार्य प्रारम्भ गरिएको छ।
- बजारको माग अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान सञ्चालनमा ल्याइएको छ। प्रतिष्ठानको लागि स्याङ्जाको फेदिखोला गाँउपालिकामा १६० रोपनी जग्गा प्राप्त गरी भौतिक पूर्वाधार निर्माण कार्यको तयारी भइरहेको छ।
- प्रदेशमा ३६ ज्येष्ठनागरिक केन्द्रको निर्माण र २२ वटा केन्द्रको मर्मत सम्भारमा सहयोग गरिएको छ।
- प्रदेशका २७६ विद्यालयमा कम्प्युटर प्रयोगशालाको स्थापना, ५ नमुना आवासीय विद्यालय निर्माण, ३१७ विद्यालयको भवन निर्माण र १५४ विद्यालयमा विज्ञान प्रयोगशाला बनाउन सहयोग गरिएको छ।
- नयाँ १० मन्दिर तथा गुम्बा निर्माण गर्न र ८७ को मर्मत सम्भार गर्न सहयोग प्रदान गरिएको छ।
- मानब सेवा आश्रम कास्की, लमजुङ,गोरखा र बाग्लुङका भवन निर्माण गर्न सहयोग गरिएको छ।

**वन तथा वातावरण**

- प्रदेशमा ३,९५२ सामुदायिक वन उपभोक्ता समूह, १,११९ कबुलियती वन उपभोक्ता समूह र ३४ वटा धार्मिक वन उपभोक्ता समूह गरी कुल ५,105 वटा वन उपभोक्ता समूह रहेका छन् । यी समूहमार्फत कुल ८,६१,००० हेक्टर वन क्षेत्रको संरक्षण र व्यवस्थापन भएको छ। वन क्षेत्रवाट हालसम्म २०,९३,५७४

क्युफिट काठ, २,८३७ चट्टा दाउरा र ७९,०९० के.जि. जडीबुटी उत्पादन गरिएको छ।२४ वटा समुदायमा आधारित जडिबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना भई सञ्चालनमा आएका छन्।

- वातावरण संरक्षण कार्यक्रम अन्तर्गत ११ वटा उच्च प्रविधियुक्त नर्सरी स्थापना भई ७० लाख ४० हजार विभिन्न प्रजातिका बिरुवा उत्पादन गरी शहरी पार्क, वन क्षेत्र,हरित पार्क,स्कुल क्षेत्र तथा निजी जग्गामा वृक्षारोपण गरिएको छ ।१६८ वटा उद्यान तथा वनबाटिका र ६२ वटा सामुदायिक वनमा पर्यापर्यटनका गतिविधि सञ्चालन गरिएको छ ।

- मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि नवलपुर जिल्लाका विभिन्न स्थानमा कूल ४,३१३ मिटर ढलानसहितको मेस वायर फेन्सिङ निर्माण गरिएको छ। विभिन्न जिल्लामा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण सम्बन्धी सचेतनाका कार्यक्रम सञ्चालन गरिएको गरिएको छ।मानव-वन्यजन्तु व्यवस्थापन अन्तरगत रु २ करोड ८१ लाख ५८ हजार ७ शय ४६ रुपैँया राहतको रुपमा द्वन्द्व पीडितलाई राहत बितरण गरिएको छ।

- फेवातालको संरक्षणका लागि पोखरा महानगरपालिकासँगको सहकार्यमा तालको उपल्लो तटीय क्षेत्रमा रहेका वेतयानी, लौरुक, अँधेरी र हर्पन खोलामा ४ वटा सिल्टेसन ड्याम निर्माण गरिएको छ। प्रदेशका अन्य जलाधार क्षेत्रमा ५० भन्दा पोखरीहरु निर्माण तथा मर्मतसम्भार गरिएको छ।बायोइन्जिनियरीङ प्रविधि मार्फत ५० वटा पहिरो रोकथाम र व्यवस्थापन गरिएको छ।

- फेवातालको चार किल्ला निर्धारण गरिएको छ।

**उद्योग**

- पोखरा महानगरपालिका वडा नं. ३३ पुँडीटार र नवलपुरको लोकाहा खोलामा प्रादेशिक औद्योगिक क्षेत्र स्थापनाको प्रकृया अगाडि बढाइएको छ।

- **"एक स्थानीय तह, एक उद्योग ग्राम"** कार्यक्रम अन्तर्गत घोषणा भएका २३ वटा उद्योग ग्राममध्ये १९ वटा उद्योग ग्राममा स्थानीय तहसँगको साझेदारीमा पूर्वाधार निर्माणको कार्य भइरहेको छ । थप २० स्थानीय तहमा उद्योग ग्राम स्थापनाको लागि सम्भाव्यता अध्ययन भइरहेको छ।

**पर्यटक**

- ग्रामीण पर्यटन प्रवर्द्धन र गरिवी निवारणमा योगदान गर्न ३०८ वटा सामुदायिक होमस्टे स्थापना गरिएको छ । सामुदायिक होमस्टेमा आवद्ध ३,४०२ घरमा करिब ५,४२५ कोठा तथा ९,६६६ बेड उपलब्ध छन्।

- प्रदेशका १०५ पर्यटकीय गन्तव्यमा पूर्वाधार निर्माण तथा सौन्दर्यकरण गरिएको छ ।१०५ कि.मि. पदमार्ग निर्माण तथा मर्मत सम्भार गरिएको छ।

- प्रदेश राजधानी पोखराबाट थप प्रमुख शहरहरु विराटनगर, भरतपुर, भैरहवा र नेपालगञ्जमा नियमित हवाई सेवा सञ्चालन गर्न हवाईसेवा प्रदायक संस्थाहरुसँग सहजीकरण गरिएको छ।

**शान्ती सुरक्षा**

- प्रदेश सरकारको संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्न आवश्यक पर्ने ४६ ऐन र १० नियमावली तर्जुमा गरी कार्यान्वयन गरिएको छ।
- प्रदेशका नागरिकहरुको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन आफ्नो स्थायी भवनहरु नभएका २२ इलाका प्रहरी कार्यालय निर्माण कार्य भई रहेको छ।
- गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रको भौतिक संरचना निर्माण गरी प्रहरी कर्मचारीको भर्ना, छनौट र तालिमको कार्य शुरु गरिएको छ।
- **"गण्डकी समाज-सभ्य समाज"** कार्यक्रम अन्तर्गत प्रदेशका ६७ वटा माध्यमिक विद्यालयका कक्षा 9-12 मा अध्ययनरत 18,459 जना विद्यार्थीहरुबीच '**हामी सचेत छौं'** अभियान सञ्चालन भएको छ।

**द्वन्द्व पीडित व्यक्ति तथा परिवारका लागि राहत**

- द्वन्द्व पीडित व्यक्ति तथा परिवारका लागि राहत कार्यक्रम अन्तर्गत द्वन्द्व पीडित २२७ जना व्यक्तिहरुलाई गोलभेँडा खेती, च्याउखेती र बाख्रापालन तालिम कार्यक्रम सञ्चालन भएको छ।

**व्यावसाय जिवन रक्षा कर्जा**

- कोभिड–१९ ले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीहरुलाई निर्ब्याजी कर्जा उपलब्ध गराउन साना व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ।हालसम्म करिब ७,४०० निवेदकबाट करिब रु ८ अर्बको ऋण माग भएकोमा २०७८ वैशाखसम्म रु ५अर्बको कर्जा प्रबाह गर्न राष्ट्र बैङ्कले वाणिज्य बैङ्कलाई स्वीकृति दिएको छ।

**सुचना प्रबिधि**

- सूचना प्रविधि पार्कको पूर्वाधार निर्माणको लागि पोखरा महानगरपालिका वडा नं. 18 जामुनबोटमा 96 रोपनी जग्गा प्राप्त गरी सम्भाव्यता अध्ययनको कार्य आरम्भ भएको छ।

**विपद व्यावस्थापन**

- विपद्बाट प्रभावितको तत्काल खोज, उद्धार र राहत कार्यका लागि विपद् व्यवस्थापन कोषको रकम एक करोडबाट वृद्धि गरी पाँच करोड पुर्‍याइएको छ।
- विपद् उद्धारकर्मीको क्षमता अभिवृद्धिका लागि क्षमता विकास तालिम तथा आवश्यक उपकरणको व्यवस्था गरिएको छ।